# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) बुटवल, रूपन्देही, चैत्र १० गते, २०७५ साल (अतिरिक्ताङ्क १७

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन नं. १२

**प्रदेश नं. ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**<u>प्रस्तावना</u>** : प्रदेशभित्र सार्वजनिक महत्वको विषयमा जाँचबुझ गर्न जाँचबुझ आयोगको गठन र त्यस्ता आयोगको अधिकारको व्यवस्था गर्न वान्छनीय भएकोले,

प्रदेश नं. ५ प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "प्रदेश नं. ५, जाँचबुझ आयोग ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले जाँचबुझ आयोगको अध्यक्ष सम्झनुपर्छ।

(ख) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको आयोग सम्झनुपर्छ ।

(ग) "अदालत" भन्नाले उच्च अदालत र जिल्ला अदालतलाई सम्झनुपर्छ । सो शब्दले साविकको पुनरावेदन अदालतलाई समेत जनाउनेछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ङ) "प्रमाण" भन्नाले सरजमीन समेतलाई सम्झनुपर्छ ।

(च) "सरकारी वा सार्वजनिक निकाय" भन्नाले यस प्रदेशका सरकारी वा सार्वजनिक निकाय सम्झनुपर्छ।

(छ) "सदस्य" भन्नाले जाँचबुझ आयोगको सदस्य सम्झनुपर्छ।

३. **<u>आयोगको गठन</u>** : (१) प्रदेश भित्रका कुनै सार्वजनिक महत्वका विषयमा जाँचबुझ गर्न प्रदेश सरकारले जाँचबुझ आयोगको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जाँचबुझ आयोगमा अदालतको पूर्व न्यायाधीश वा प्रदेश सरकारका बहालवाला सचिव वा पूर्व सचिव अध्यक्ष र सम्बन्धित विषयका विज्ञ सहित अन्य बढीमा दुई जना सदस्य रहनेछन् ।

(३) आयोगको गठन सम्बन्धी सूचना प्रदेश राजपत्रमा प्रकाशित गरिनेछ ।

(४) आयोगका लागि आवश्यक जनशक्ति र बजेट प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

४. **<u>आयोगको काम, कर्तव्य र अधिकार</u>** : (१) आयोगको काम, कर्तव्य र अधिकार आयोगको गठनसम्बन्धी सूचनामा तोकिए बमोजिम हुनेछ ।

(२) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधिभित्र आयोगले जाँचबुझको काम सम्पन्न गरी प्रदेश सरकार समक्ष आफ्नो राय सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधिभित्र प्रतिवेदन पेश गर्न नसकेको कारण खुलाई अवधि थप गर्नको लागि आयोगले अनुरोध गरेमा आवश्यक अवधि थप हुन सक्नेछ ।

(४) आयोगलाई देहायका कुरामा प्रचलित नेपाल कानूनबमोजिम अदालतले पाए सरहको सबै अधिकार हुनेछः—

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान लिने,

(ख) कुनै व्यक्तिलाई कुनै लिखत पेश गर्न आदेश दिने,

(ग) प्रमाण बुझ्ने,

(घ) कुनै सरकारी वा सार्वजनिक निकाय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने, र

(ङ) यस प्रदेशको क्षेत्राधिकार बाहिरका कुनै पनि सरकारी वा सार्वजनिक निकायबाट सूचना तथा प्रमाण झिकाउन सक्नेछ । यसरी प्रमाण झिकाउँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेश गर्न लगाउन वा कुनै प्रमाण बुझ्नका लागि आयोगले उचित सम्झे बमोजिमको समय तोकी म्याद जारी गर्न सक्नेछ ।

(६) उपदफा (४) मा उल्लेख भएका अधिकारहरूका अतिरिक्त आयोगले आवश्यकता अनुसार देहायका अधिकार प्रयोग गर्न सक्नेछः—

(क) जाँचबुझको विषयसम्बन्धी कुनै वस्तु वा लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने आयोगलाई विश्वास हुने कारण भएमा प्रचलित नेपाल कानूनका अधीनमा रही त्यस्तो व्यक्ति वा स्थानको तलासी लिने वा प्रदेश सरकार अन्तर्गतका कुनै राजपत्राङ्कित अधिकृतद्वारा त्यस्तो व्यक्ति वा स्थानको तलासी गर्न लगाउने र फेला परेमा त्यस्तो वस्तु वा लिखत कब्जा गर्ने वा गर्न लगाउने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल लिने वा लिन लगाउने, र

(ख) खण्ड (क) र उपदफा (४) मा उल्लेख भएको अधिकारको प्रयोगसँग सम्बन्धित प्रचलित संघीय

र प्रदेश कानून बमोजिमको अन्य अधिकारहरूको प्रयोग गर्ने ।

५. **<u>साक्षीले आयोग समक्ष बकेको कुरा निजका विरुद्ध प्रमाण नलाग्ने</u>** : (१) कुनै व्यक्तिले साक्षीको रुपमा आयोग समक्ष व्यक्त गरेका कुनै कुरालाई लिएर निजका विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही चलाइने छैन । त्यस्तो कुरा कुनै अर्को मुद्दामा निजका विरुद्ध प्रमाण समेत लगाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले आयोग समक्ष व्यक्त गरेको कुनै कुरा आयोगले सोधेको प्रश्नसँग सम्बन्धित नभएमा वा जानाजान झुठ्ठा बकेको कुरा प्रमाणित भएमा सो कुराका आधारमा प्रचलित नेपाल कानून बमोजिम निज उपर मुद्दा वा कानूनी कारवाही चलाउन वा सो कुरा निजको विरुद्ध प्रमाणमा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

६. **<u>आयोगको अवहेलना र सजाय</u>** : (१) आयोगको काम कारबाहीमा वाधा पुऱ्याएमा आयोगको अवहेलना मानिनेछ ।

(२) आयोगले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ र आयोगको अवहेलना ठहऱ्याएमा रु. दश हजारसम्म जरिवाना गर्न सक्नेछ।

तर आयोगलाई सन्तोष हुनेगरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई आयोगले माफी दिन वा सजाय तोकिएको भए सो सजाय माफ गर्न सक्नेछ ।

७. **<u>आयोगको विघटन</u>** : (१) दफा ४ को उपदफा (२) बमोजिम प्रतिवेदन पेश भएपछि वा आयोगको गठनसम्बन्धी सूचनामा तोकिएको अवधि वा

दफा ४ को उपदफा (३) बमोजिम अवधि थपिएकोमा त्यस्तो अवधि समाप्त भएपछि आयोग विघटन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आयोगको औचित्य नरहेको भन्ने मनासिब आधार विद्यमान भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै बेला पनि आयोग विघटन गर्न सक्नेछ ।

८. **आयोगको कार्यविधि** : यो ऐन र यस ऐनअन्तर्गतका नियमहरूको अधीनमा रही आयोगले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

९. **आयोगको काम कारवाही गोप्य रहने** : आयोगको सम्पूर्ण काम कारवाही गोप्य रहनेछ ।

तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता वा विभिन्न जात जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्ध खलल पर्ने तथा मित्रराष्ट्रसँगको सम्बन्धमा प्रतिकूल असर पार्ने विषय बाहेक प्रतिवेदनका अन्य अंशहरू प्रदेश सरकारले सार्वजनिक जानकारीका लागि प्रकाशित गर्नेछ।

१०. **काम कारवाही बदर नहुने** : आयोगको कुनै सदस्यको स्थान रिक्त रहेको वा निज अनुपस्थित रहेको कारणले मात्र आयोगको काम कारवाही बदर भएको मानिने छैन ।

११. **असल नियतले गरेको कामको बचाउ** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको वा गर्न खोजिएको कुनै काम कारवाहीको निमित्त प्रदेश सरकार, आयोग, आयोगका कुनै सदस्य वा आयोगको निर्देशनमा काम गर्ने कुनै व्यक्तिको विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही चलाइने छैन ।

१२. **आयोगको सदस्य राष्ट्रसेवक मानिने** : आयोगको अध्यक्ष, सदस्य र आयोगले नियुक्त गरेको वा काम गर्न अख्तियार दिएको प्रत्येक व्यक्ति भ्रष्टाचार निवारण सम्बन्धमा बनेको नेपाल कानूनको तात्पर्यका लागि मात्र राष्ट्रसेवक मानिनेछ।

१३. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरूमा खासगरी देहायका कुराहरूको व्यवस्था गर्न सकिनेछः-

(क) आयोगका सदस्यहरूको सेवाको शर्त तोक्ने,

(ख) आयोगले यस ऐन अन्तर्गत बनाउनु पर्ने जाँचबुझको सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि व्यवस्थित गर्ने, र

(ग) आयोगले प्रयोग गर्न पाउने अरू अधिकार तोक्ने।

प्रमाणीकरण मितिः २०७५/१२/१०

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय